Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI: https://doi.org/10.3126/anweshan.v3i1.81951
Research Article
ISSN: 3021-9035 Print

# सामाजिक मनोविज्ञानमा आन्दोलन र विद्रोहको विरासत अवसर कि चुनौती

ऋषिराम अधिकारी
adhikaririshiram45@gmail.com

## लेखसार

नेपाली समाजलाई अग्रगमन, लोकतान्त्रिक शासन व्यवस्था, नागरिकको मौलिक अधिकारको संरक्षणको दिशामा अगाडि बढाउन आन्दोलन र विद्रोहले महत्त्वपूर्ण भूमिका खेलेको अवस्था बोल्न सकिँदैन, तर पनि विद्यमान समयमा नेपाली समाजको मनोविज्ञानमा आन्दोलन गरेपछि सत्तालाई घुँडा टेकाउन सकिन्छ र सत्तालाई घुँडा टेकाउन सकेको खण्डमा आफ्ना निहित स्वार्थहरू पूरा हुन्छन् भन्ने मनोविज्ञान विकसित भइरहेको अवस्था छ । यस सन्दर्भमा यस अध्ययनमा नेपाली समाजले आन्दोलन तथा विद्रोहलाई कसरी प्रयोग गर्दै गरेको छ; के नेपाली समाजले आन्दोलन र विद्रोहलाई सामाजिक एकीकरण तथा आम नागरिकको आधारभूत अधिकारको संरक्षणको दिशामा प्रयोग गरेको छ वा एउटा शासकलाई विस्थापित गरेर अर्को शासकलाई सत्तामा पुऱ्याउने औजारका रूपमा आफूलाई स्थापित गरेको छ ? यस लेखमा नेपाली समाजको सामाजिक मनोविज्ञानमा आन्दोलन र विद्रोहको विरासत अवसर कि चुनौती भन्ने विषयमा प्रकाश पारिएको छ। यस अध्ययनलाई सिलसिलेवार रूपमा अगाडि बढाउन गुणात्मक अध्ययन विधि प्रयोग गरेर विभिन्न दस्तावेजहरूलाई तथ्याङ्कको स्रोतका रूपमा लिएर प्रस्तुत विषयमाथि विमर्श गरिएको छ। द्वितीय स्रोतको मात्र प्रयोग गरिएको यस अध्ययनले आमनेपाली समाजको सामाजिक मनोविज्ञानले आन्दोलन र विद्रोहको विरासतलाई सकारात्मकभन्दा पनि नकारात्मक रूपमा प्रयोग गर्न खोजिरहेको छ; जसले गर्दा आन्दोलन र विद्रोहले स्थापित गरेका सकारात्मक पक्षमा आमजनताको भरोसा कमजोर हुँदै गएको अवस्था देख्न सकिन्छ। यस्तो अवस्थाबाट स्थायित्व र लोकतन्त्रको संस्थागत विकास सम्भव नहुने हुँदा आन्दोलन र विद्रोहले विगतमा सृजना गरेको नकारात्मक असरलाई ध्यानमा राख्दै प्रजातान्त्रिक सरकारप्रति विश्वासको वातावरण तयार गर्न शासनसत्तामा बस्ने राजनीतिज्ञले जनताको मनोविज्ञानलाई सकारात्मक दिशामा अगाडि बढाउन कसैको दबाब र धम्कीका आधारमा नभएर लोकतान्त्रिक मूल्यमान्यता र विगतका जनआन्दोलन तथा जनविद्रोहले दिएका म्यान्डेटका आधारमा संविधान कानुन र नीतिनियमहरू अगाडि बढाउनुपर्ने देखिन्छ।

## शब्दकुञ्जी

विरासत, प्रजातन्त्र, बहुलवाद र राजनीति

## विषय प्रवेश

सामाजिक मनोविज्ञान भन्नाले कुनै पनि समाजमा बस्ने व्यक्तिले समाजमा घटेका सबै घटनाप्रति गर्ने व्यवहार हो। यसको सम्बन्ध व्यक्तिको सोचाइ र समाजमा विकसित घटनाक्रमसँग एकआपसमा सम्बन्धित हुन्छ। सामाजिक मनोविज्ञानमा, हामी सामाजिक अन्तर्क्रियाले व्यक्तिको सामाजिक व्यवहारमा कसरी असर गर्छ भनेर अध्ययन गर्दछौँ। सामाजिक मनोविज्ञानका सन्दर्भमा किम्बलले यसरी व्याख्या गरेका छन्– सामाजिक मनोविज्ञान भनेको व्यक्तिहरूको पारस्परिक प्रतिक्रियाहरू तथा यी कारणले गर्दा व्यक्तिको

विचार, भावना र बानीहरूको अध्ययन हो (किम्बल,१९२७, पृ.६६१)। किम्बल यङ्गले व्यक्तिको विचार र भावनालाई सामाजिक मनोविज्ञनसँग जोडेर परिभाषित गरेका छन भने काह्लेमान, स्लोभिक र ट्भर्स्कीले सामाजिक मनोविज्ञानलाई सामाजिक वातावरणमा उपस्थित व्यक्तिहरूबाट व्यक्तिको व्यवहार प्रभावित हुने बताएका छन्। तर उनले पनि यङ्गले भनेझैँ व्यक्तिको व्यवहार प्रभावित हुने कुरा प्राथमिकतामा राखेका छन् (काह्लेमान, स्लोभिक र ट्भस्की, १९८२, पृ. ११२) यस्तै बरेटले सामाजिक मनोविज्ञानलाई एक व्यक्तिको विचार, भावना र कार्य अरूबाट कसरी प्रभावित हुन्छन् भनेर अध्ययन गर्ने विषयका रूपमा परिभाषित गरेका छन् (बेरेट, २००६, पृ. ६२९)। यस्तै सामाजिक मनोविज्ञनको परिभाषा गर्ने क्रममा काह्लेमान स्लोभिक र ट्भर्स्कीले सामाजिक मनोविज्ञानलाई सामाजिक परिस्थितिहरूमा व्यक्तिको व्यवहारको प्रकृति र कारणहरूको ज्ञानसँग सम्बन्धित छ भनेर व्याख्या गरेका छन (काह्लेमान स्लोभिक र ट्भस्की, १९८२,पृ. ११२)।

यसैगरी डनल्यापले सामाजिक मनोविज्ञानलाई व्यक्तिको समाजप्रतिको अवधारणाका रूपमा व्याख्या गर्दै समाजप्रतिको उसको दायित्व र व्यवहारसमेतलाई समेटेका छन् (डनल्याप, १९२५, पृ. २३)। यस्तै ग्रिनवुडका अनुसार सामाजिक मनोविज्ञानभित्र कुनै पनि समाजले अनुभूत गरेका समकालीन सिद्धान्तहरू पर्दछन् जसले मानिसको आन्तरिक अनुभूति व्यवहार र भावनालाई समाजसँग जोडेर यसप्रतिको दृष्टिकोण निर्माण गर्न सहयोग गर्दछ (ग्रिनवुड, २००४, पृ. ४५)। एरोन्सर्न तथा कार्लस्मिथ (१९६८) ले सामाजिक र राजनीतिक प्रभावको विश्लेषणका आधारमा मनोविज्ञान निर्माण हुने स्पष्ट पारेका छन् (एरोन्सर्न र कार्लस्मिथ, १९६८, पृ.२२६)। माथिको परिभाषाबाट यो स्पष्ट हुन्छ कि सामाजिक मनोविज्ञानको निर्माण हुन एउटा मात्र पक्ष जिम्मेवार रहदैँन, यसमा धेरै तत्त्वहरूले भूमिका खेलेका हुन्छन् र सबै तत्त्वहरूको एकमुष्ट प्रतिबिम्ब नै सामाजिक मनोविज्ञान हो। कुनै पनि समाजको विकास त्यस देशमा बसोबास गर्ने मानिसहरूको सामाजिक मनोविज्ञानसँग गाँसिएको हुन्छ। नेपाली समाजको परिवर्तनमा यहाँका मानिसहरूको सामाजिक मनोविज्ञानले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ।

**यो लेखमा विद्रोह र आन्दोलनको विरासत बोकेको सामाजिक मनोविज्ञानले नेपाली समाजलाई कुन दिशातर्फ अगाडि बढाइरहेको छ भन्ने विमर्श गरिएको छ। के आन्दोलन र विद्रोहले सधैँ सकारात्मक परिवर्तन मात्र ल्याउन सक्छ ? समाजमा विचलन र वितृष्णा निर्माणमा पनि यसले भूमिका खेल्छ ? भन्ने विषयलाई मूल आधार बनाएर विद्यमान समयमा किन नेपाली समाजको सामाजिक मनोविज्ञान सहकार्य सहअस्तित्त्व समन्वयभन्दा पनि एकआपसमा द्वन्द असमानता विद्रोह आन्दोलनप्रति झुकाव राख्ने खालको छ भन्ने बारेमा पनि अध्ययन गरिएको छ। नेपाली समाज एउटा बहुलवादमा आधारित समाज भए पनि जबरजस्त एकात्मकताको प्रयोग गरिएको अस्थिर राजनीतिक संस्कारबाट अगाडि बढेको समाज हो। शासकको खोजीमा भौतारिरहने, भावनात्मक रूपमा बहकिने, अरूले देखाइएको बाटोलाई बढी महत्त्व दिने स्वभावले अगाडि बढेको भए तापनि नेपालीहरूको सामाजिक मनोविज्ञानमा आन्दोलन र विद्रोहको विरासत भने गहिरो रूपमा बढेको देख्न सकिन्छ।**

प्रत्येक समाजले समय सन्दर्भ सांस्कृतिक, सामाजिक, राजनीतिक र आर्थिक अवस्थासँग जुध्न एउटा सामाजिक मनोविज्ञान निर्माण गरेको हुन्छ। नेपाली समाजले पनि लामो समयदेखि एउटा प्रस्ट सामाजिक मनोविज्ञान बनाउन खोजिरहेको छ। तर आन्दोलनको विरासत र यथार्थतामा नभएकाले रुमलिरहेको देख्न सकिन्छ । सामाजिक मनोविज्ञान निर्माणमा विभिन्न तत्त्वहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। किनकि यो व्यक्तिहरूको व्यवहार, भावना र अनुभवहरूसँग सामाजिक मूल्यमान्यताको अन्तर्क्रियाबाट प्राप्त हुने तत्त्व हो। समाज मनोविज्ञान के हो? यो कसरी निर्माण हुन्छ ? भन्ने विषयमा विभिन्न विद्वान्हरूले आफ्ना दृष्टिकोणहरू प्रस्तुत गरेका छन्। द्वन्द्वात्मक भौतिकवादका प्रणेता काल मार्क्सले समाज द्वन्द्वका कारण सदैव गतिशील हुन्छ; जसका कारण विद्रोह र आन्दोलनले निरन्तर समाज परिवर्तनमा सकारात्मक भूमिका खेल्छ भन्ने विषय उजागर गरेका छन् । यस्तै २० औँ शताब्दीका महान् विचारक

याट्रिक नित्सेले मानवीय मनोभाव हरसम्भव आफूलाई अरूभन्दा फरक तर महान् बनाउन खोज्ने खालको हुन्छ; त्यसकारण उसका विरुद्धमा विद्रोह जन्मन्छ; यसरी विद्रोह जन्मिनु नै सामाजिक द्वन्द्व हो। सामाजिक द्वन्दसँग सबैभन्दा धेरै व्यक्तिको अहङ्कार रहेको हुन्छ भन्ने विषयलाई सामाजिक मनोविज्ञानको एउटा पाटोका रूपमा प्रस्तुत गरेका छन् (मे १९९९, पृ.१२३)।

फ्रान्सेली विद्वान् मिसले फुकाले शक्ति सङ्कथन र सत्यताको चक्रमा असन्तुलन आयो भने विद्रोह तथा आन्दोलन जन्मन्छ। शक्तिमा सत्यता रहेन र सङ्कथनले जनमानसमा सकारात्मक प्रभाव फैलाउन सकेन भने आममानिसमा सामाजिक मनोविज्ञान बदलिन्छ; विद्रोह न्युनतम छ भनेका छन्। त्यस विद्रोहले एउटा सत्यबाट अर्को सत्यतर्फ एउटा शक्तिको स्रोतबाट अर्को शक्तिको केन्द्रतर्फ आम मानिसको ध्यान आकृष्ट गर्दछ र राजनीतिक परिवतर्न हुन्छ। पुराना दार्शनिकहरू प्लेटो, हेरोडोटस र एरिस्टोटले अप्रत्यक्ष रूपमा शासक र आमजनताबिचको सङ्कथनबाट सामाजिक मनोविज्ञान निर्माण हुन्छ भन्ने कुरा इङ्गित गरेका छन्। वर्तमान समयमा राजनीतिक दर्शनभन्दा पनि डिस्कोर्सले सामाजिक मनोविज्ञानलाई दोहोऱ्याएको देखिन्छ।

विश्वव्यापी सूचना तथा सञ्चारको जालो नयाँ र प्रभावकारी सूचना प्रविधि विश्वव्यापीकरणले आममानिसमा शिक्षा र प्रविधिको विकाससँगै आएको चेतना आदिले समाजको मनोविज्ञान निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छ। राजनीति भाषामा भन्दा नरम कुटनीतिले विश्वव्यापी एजेन्डामा स्थानीय स्वार्थसँग विस्तारै सम्बन्ध बढाउँदै लगेको अवस्थामा स्थानीय आवश्यकता र वर्तमानको समस्यामा भन्दा पनि एजेण्डाका रूपमा सञ्चार माध्यममा छाउने निश्चित व्यक्ति वा संस्थाले प्रायोजन गरेका सामग्रीले आममानिसको मनोविज्ञान र धारणा निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका कारणले आन्दोलन र विद्रोह पनि यसैको जगमा अगाडि बढेको पाइन्छ। विद्रोहको विरासत र हेजेमोनी (लघुताभास) ले नेपाली समाजको मनोविज्ञानमा सकारात्मकभन्दा नकारात्मक मनोदशा निर्माण गरिरहेको देखिन्छ। नेपालको सन्दर्भमा भएका आन्दोलन विद्रोह र तिनले स्थापित गर्न खोजेका मूल्यमान्यताहरूमा विरासत र लघुताभास दुवै देख्न सकिन्छ।

## *अध्ययन विधि*

यस अध्ययनलाई गुणात्मक अध्ययन विधिको प्रयोग गरेर पूरा गरिएको छ। गुणात्मक विधिको अध्ययन गर्दा व्याख्यात्मक विधिका आधारमा प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरिएको छ। मुख्य रूपमा विभिन्न ऐन कानुन सरकारी दस्तावेजहरू विभिन्न विद्वान्हरूले लेखेका लेखहरू यसको अध्ययन सामग्रीहरू रहेका छन्। ती सामग्रीहरूको सङ्कलनमा पुस्तकालय विधि प्रयोग गरिएको थियो भने ती सामग्रीबाट प्राप्त तथ्याङ्कलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरेर विश्लेषण गरिएको छ। यसबाहेक सामाजिक मनोविज्ञानका अवधारणाहरूलाई सैद्धान्तिक रूपमा प्रयोग गरेर नेपाली समाजको सामाजिक मनोविज्ञानमाथि विमर्श गरिएको छ।

## *नेपालमा भएका प्रमुख राजनीति विद्रोह तथा आन्दोलनहरू*

नेपालको एकीकरण जालजेल, षड्यन्त्र र कपटबाट भएकाले राज्य सञ्चालनकर्ताले पनि उक्त विलासहरू कायम राखेको पाइन्छ। सत्ता विरुद्ध कहिले सामूहिक रूपमा त कहिले व्यक्तिगत रूपमा विद्रोह र आन्दोलन भइरहेको तथ्यले उक्त पक्ष उजागर गर्छ। एकीकरणको केही वर्षपछि शेरबहादुर शाहले रणबहादुर शाहलाई घरायसी झगडामा काटेर मार्नु, सत्ता प्राप्तिका लागि कोतपर्व र भण्डारखाल पर्वजस्ता विभत्स घटनाहरू हुनुलाई सत्ता प्राप्तिका लागि भएका निर्मम विद्रोहका रूपमा लिन सकिन्छ। यस्ता हत्याहिंसामा आधारित सत्ता प्राप्तिका लागि हुने गरेका घटनाहरूले विद्रोहको रूपमा विरासतको राजनीतिक रूप धारण गर्नुपर्दा नेपाली समाजको सामाजिक मनोविज्ञानमा गम्भीर नकारात्मक असर परेको थियो।

त्यसले आमजनताको जीवनस्तर निर्माण र सामाजिक मनोविज्ञान निर्माणमा ठुलो भूमिका खेल्दै एउटा लघुताभास

सृजना गरेको थियो। त्यस्ता राजनीतिक घटनाले समाजिक मनोविज्ञानलाई नराम्ररी पछाडि धकेल्न सफल भए तापनि गोर्खामा लखन थापाले गरेको विद्रोह, सानै भए पनि सुदूर पश्चिममा बाँका वीरले उठाएको आवाज अधिनायकवाद र सामन्ती निरङ्कुशता विरुद्धको आन्दोलन थियो भन्न सकिन्छ (श्रेष्ठ, २०६९,पृ.३) । राणाहरूको शासनकालमा पनि भारदारहरूबिच एक किसिमको अन्तर्द्वन्द्व देखिने र ती अन्तर्द्वन्द्वलाई विद्रोहका रूपमा परिभाषित गर्ने गरिन्थ्यो। तर पनि जनताका आम समस्याभन्दा राज्य सत्ताका लागि हुने गरेका घटनालाई आमजनताले खासै चासोका साथ हेर्ने गरेका थिएनन्।

नेपाली समाजको मनोविज्ञानले कर्मभन्दा पनि भाग्यमा विश्वास गर्ने अन्धविश्वास र भक्तिभावलाई आफ्नो मूल आदर्श बनाएकाले आमजनतालाई परिवर्तनसँग एक खालको डर भइरहन्थ्यो । २००७ सालको क्रान्तिपछि नेपाली समाजले विश्व समुदायसँग अन्तर्क्रिया गर्ने र आफ्नो समस्याका बारेमा चिन्तन गर्ने अवसर प्राप्त गर्‍यो, जसको कारण जनविद्रोहको सकारात्मक मनोविज्ञान नेपाली समाजमा पर्न गयो । तर पनि २०१७ सालमा एकदलीय शासन व्यवस्था स्थापना भएपछि नेपाली समाज जनविद्रोहभन्दा पनि पुरानै शैलीमा एउटा सत्तालाई स्वीकार गर्नुपर्छ भन्ने सामाजिक मनोविज्ञानमा अडिन पुग्यो। तर त्यो विश्रामले समाजको गतिलाई रोक्न सकेन, जसले गर्दा २०४६ सालमा नेपालमा इतिहासकै ठुलो जनआन्दोलन भयो र नेपाली समाजलाई परिवर्तनका लागि आन्दोलन आवश्यक छ भन्ने दृष्टान्त स्थापित गरेर छोड्यो।

२०४७ सालपछि हालसम्म नेपाली समाजले प्राप्त गरेका उपलब्धिहरूका पछाडि जनआन्दोलन जनविद्रोहको सकारात्मक भूमिका रहेको देख्न सकिन्छ। जसका कारण नेपाली समाजको सामाजिक मनोविज्ञानले आन्दोलन र विद्रोहलाई विरासतका रूपमा ग्रहण गरेको छ। नेपालमा १० वर्षसम्म चलेको माओवादी विद्रोह २०६२/६३ सालको संयुक्त जनआन्दोलन र यसमा आममानिसले देखाएको सहभागिता, मधेस आन्दोलन, कैलालीमा थारू समुदायका नाममा भएको सानो आकारको विद्रोहलगायत राजनीतिक दलको सहभागिता, विभिन्न वर्ग, समुदाय र पेसागत समूह आदिले आफ्नो समूहको अधिकतम हित सुनिश्चिताका लागि गर्दै आएका आन्दोलनहरूले नेपाली समाजिक मनोविज्ञानलाई आन्दोलनप्रति सकारात्मक तथा नकारात्मक दुवै प्रभाव छोडेको देखिन्छ। यसै सन्दर्भका आधारमा नेपाली समाजले वर्तमान समयमा निर्माण गरेको आन्दोलनप्रतिको विरासत तथा विरासतभित्र देखिएको लघुताभास केलाउने जमर्को गरेको छ।

## *नेपाली समाजको सामाजिक मनोविज्ञान*

नेपाली समाज बहुजाति, बहुभाषा र बहुसंस्कृतिमा आधारित समाज हो। जसले विभिन्न खालका सामाजिक सांस्कृतिक र आर्थिक अवयवहरूलाई एकसाथ अगाडि बढाउन खोजेको देखिन्छ; जसको प्रत्यक्ष प्रभाव सामाजिक मनोविज्ञान निर्माणमा देखिने गरेको छ। यस सम्बन्धमा डाक्टर दिलिपकुमार मल्लले आफ्नो लेख 'व्यक्तिमा सामाजिक मनोविज्ञानको प्रभाव'मा यसरी प्रस्तुत गरेका छन्–

व्यक्तिको नाम पहिलो परिचय हो। पछि त्यही नै सामाजिक परिचय हो । विभिन्न सामाजिक परिचयमा जातिवाचक, समूहवाचक, गुणवाचकजस्ता धेरै नामहरू हुन्छन्। यी नामहरू सामाजिक मनोविज्ञानको सृजना हो। हाम्रो सामाजिक परम्पराअनुसार मानिस जन्मन्छ। धार्मिक र सामाजिक परम्पराअनुसार उसको नामकरण गरिन्छ। उसको नाम राख्दा ब्रह्माण्डमा चल्ने ग्रहनक्षत्रका आधारमा ज्योतिषीय गणनानुसार नामकरण गरिन्छ। त्यही जन्मेको समयका आधारमा नाम राखी चिना टिप्पणी बनाइन्छ। चिना टिप्पणीमा लेखिएको नामले बोलाउँदा उसको आयु घट्छ भन्ने सामाजिक मनोविज्ञानले उसको बोलाउने नाम अर्को राख्ने हाम्रो सामाजिक परम्परा छ (मल्ल, २०६९, पौष ८ नागरिक दैनिक विचार पृष्ठ (पृ.२)।

मल्लले भनेजस्तै नेपाली समाज धेरै हदसम्म धार्मिक, सांस्कृतिक र सामाजिक मूल्यमान्यताबाट अगाडि बढेकाले आममानिसको सामाजिक मनोविज्ञान पनि यसैमा अडेको देखिन्छ। तर अर्का लेखक सालोम बस्नेत कुनै पनि समाजले

समय सन्दर्भ तथा परिस्थितिअनुसार आफ्नो सामाजिक मनोविज्ञान परिवर्तन गर्दछ भन्ने कुरालाई अगाडि सार्दै आफ्नो लेख 'नेपाली समाजको चेतना र युवा मनोवृद्धि'मा यसरी व्याख्या गर्दछन्–

समाजमा भएका हरेक व्यवस्था, मूल्यमान्यता, धर्म, संस्कृति, परम्परालगायत विचारहरूको जन्म पनि समाजमै निर्माण हुन्छ । साथै विभिन्न खाले घटनाहरूले पुनः नयाँ सामाजिक सत्यता, नयाँ अवस्थाको सृजना र पुराना सत्यताको खारेजी गरेर नयाँ विचार पनि निर्माण गर्छ । या त सारमा पुरानै सत्यता बोकेर नयाँ भएको नक्कल पनि गर्छ। ठ्याक्कै आजको नेपाली समाज र हाम्रो पुस्ता आवरणमा नयाँ भएको स्वाङ गर्दछ; तर व्यवहारको जगमा तिनै पुराना मान्यता बोकेर हिँडिरहेको छ ( बस्नेत , २०७८ चैत ८, अनलाइन खबर, पृ. ३) ।

बस्नेतले नेपाली समाजमा युवाहरूको मनोविज्ञनमा देखिएको विचलन प्रस्तुतु गरेजस्तै विणा झा आफ्नो लेख 'नेतृत्वप्रतिको सामाजिक मनोविज्ञान' मा नेपालमा सामाजिक मनोविज्ञान कसरी निर्माण भइरहेको छ भन्ने कुरा यसरी प्रस्तुतु गर्दछिन्–

कुनै पनि समाजको सचेतनाको अवस्था कस्तो छ भनेर बुझ्न उक्त समाजले कस्ता विषय प्राथमिकतामा राख्छ; ती विषय कसरी ग्रहण गर्छ वा कस्तो प्रतिक्रिया देखाउँछ भन्नेमा निर्भर गर्छ । मानवनिर्मित भौतिक तथा रासायनिक क्रियात्मक परिवतर्न तुरुन्तै देखिन वा अनुभूति गर्न सकिन्छ । तर सामाजिक परिवतर्न यति सूक्ष्म रूपले भइराखेको हुन्छ कि सतहमा देखिन र अनुभूति गर्न लामो समय नै चाहिन्छ (झा, २०६९ साउन ६, गोरखापत्र दैनिक, पृ.४) ।

उनले आफ्नो लेखमा सामाजिक चेतनाले समाजिक मनोविज्ञानलाई कुनै न कुनै रूपमा प्रभावित पारेको विषय उठान गरेकी छन् । यो सन्दर्भमा उनी यसरी व्याख्या गर्छिन्– कुनै पनि समाजमा सचेतनाको तह परिवर्तनका लागि एक किसिमको तरङ्ग आउनैपर्छ। चाहे त्यो सोचमा आएको तरङ्ग होस् वा संरचनामा । जस्तो कि कुनै पोखरी बाहिरबाट हेर्दा हलचल नभएको शान्त देखिन्छ; जब कि त्यसको पिँधमा रहेको जलचरको चहलपहल चलिरहेको हुन्छ । त्यसमा जबसम्म कुनै बाह्य वस्तु शक्तिका साथ फालिँदैन तबसम्म पोखरीमा तरङ्ग देखिन्न र हलचलविहीन देखिन्छ। समाजको अवस्था पनि त्यस्तै हो (झा, २०६९ साउन ६ गोरखापत्र दैनिक, पृ.४) ।

माथि उल्लेखित भनाइहरूबाट नेपाली समाजले सामाजिक मनोविज्ञान निर्माणमा विभिन्न आरोहअवरोहहरू पार गर्दै आइरहेको र यसको कारण विद्यमान समयमा देखिएको सामाजिक आर्थिक र सांस्कृतिक परिवतर्न हो भन्ने कुरा स्वीकार गरेको छ। सतहमा परिवर्तनको आभास नदेखिए पनि पोखरीको पानीमा भित्रभित्रै छाल आएजस्तै आन्दोलन र विद्रोहका लहरहरू कुनै पनि जीवन्त समाजमा रहिरहने कुरालाई लेखकहरूले इङ्गित गरेका छन् ।

## *वर्तमान समयमा विश्व परिवेशमा देखिएको विद्रोहले नेपाली समाजमा पारेको प्रभाव*

विश्व समुदायले २१ औँ शताब्दीको पहिलो २५ वर्ष पूरा गरिसकेको अवस्थामा विगतमा स्थापित राजनीतिक, सामाजिक र सांस्कृतिक मूल्यमान्यतामा ठुलो चुनौती देखा परेको छ। विशेषगरेर प्रविधिको विकासले निर्माण गरेको सीमाविहीन साम्राज्य तथा यसरी निर्माण भएको साम्राज्य सञ्चालन गर्ने प्रविधिमा आधारित सञ्जालहरूले मानिसलाई भ्रमित बनाइरहेको अवस्था छ। यस सम्बन्धमा रिवेरियो र जेलिजर यसरी लेख्दछन्– र्वतमान विश्वमा सामाजिक सञ्जालले आममानिसको धारणा परिर्वनमा उल्लेख्य भूमिका खेलेर स्थापति मूल्यमान्यतामा धावा बोलेको अवस्था छ। मूल्यमा आधारित पुराना स्थापति मूल्यमान्यता बचाइराख्न नयाँ र प्रभावकारी सुझाव अवश्यकता पर्दछ (रिवेरियो र जेलिजर, २०२२,पृ.८५०)। वर्तमान विश्वमा आममानिसको मनोविज्ञान निर्माणमा सामाजिक सञ्जालले महत्त्वपूर्ण भूमिका रहेको बताएका छन्। आममानिसले आफ्नो भौगोलिक धरातल, सांस्कृतिक आधार र नैतिक मल्यूमान्यतामा भन्दा पनि सञ्जालबाट सञ्चालित सूचनाहरूमा विश्वास गर्ने र त्यसकै आधारमा आफ्नो धारणा तथा व्यवहार तयार गर्ने परिपाटीको विकास गरेका छन् । यो अवस्थाले कुनै पनि

सिद्धान्त र दर्शनमा गहिरोसँग विश्वास गर्न नसक्ने नेपालजस्ता मुलुकलाई अस्थिरता र अनिश्चिततातर्फ धकेलिरहेको देखिन्छ। विनामूल्याङ्कन र विश्लेषण सञ्जालमा सम्प्रेषित सूचनालाई आधार मानेर निर्माण भएको मनोविज्ञानले क्षणिक रूपमा मानिसलाई कुनै अमुक विचारप्रति वितृष्णा फैलाउने र विद्रोहका लागि तयार हुन प्रेरित गर्ने गरेको देखिए तापनि कालान्तरमा त्यस्ता विचारहरूले आम नागरिकको विकास गरेको देखिँदैन। विश्वमा देखिएका युद्धका सङ्केतहरू धनी र समृद्ध मुलुकहरूले गरिब तथा विपन्न मुलुकहरूलाई दिँदै आएको सहायतामाथि लगाएका अङ्कुश आदिबाट यो स्पष्ट हुन्छ कि सञ्जालमार्फत सूचनाहरू सम्प्रेषण गरेर निर्माण गरिएको जनधारणाले आन्दोलनको विरासतलाई तहसनहस बनाउने र केही व्यक्तिहरूको अमुक स्वार्थ पूरा गर्नका लागि कुनै न कुनै प्रकारको विद्रोहमा आमनागरिकलाई सामेल हुन अभिप्रेरित गर्ने अवस्था सृजना हुन सक्दछ। हाल इजरायलमा यहदुी राष्ट्रवाद छिमेकी मुलुक भारतमा देखिएको हिन्दुत्वमा आधारित राष्ट्रवाद अरबियन मुलुकहरूमा देखिएको इजरायल विरुद्धको विद्रोहप्रतिको जनधारणा र त्यसले निर्माण गरेको इस्लामिक राष्ट्रवादलगायत हाल विश्व परिवेशमा देखिएका आन्दोलन र विद्रोहको विरासत मात्र सकिन्छ। यिनै अन्तर्राष्ट्रिय सन्दर्भहरूलाई लिएर नेपालमा देखिएको राजनीतिक चिन्तन सामाजिक तथा सांस्कृतिक अवस्था र सञ्जालले निर्माण गरेको सामाजिक मनोविज्ञान सबैलाई मन्थन गर्दा नेपाली समाज अन्तहीन आन्दोलन र विद्रोहको भूमरीतर्फ उन्मुख रहेको देखिन्छ। तर भौगोलिक राष्ट्रवादलाई सामाजिक र सांस्कृतिक राष्ट्रियतासित तादम्यता गर्दै विगतमा नेपाल र नेपालीले देश र जनताका लागि गरेका वीरतापूर्ण क्रियाकलापको गौरवशाली इतिहास स्मरण गर्न सकेको खण्डमा आमनागरिकमा बढ्दै गएको निराशा कम गर्दै सञ्जालबाट संप्रेक्षित सूचनाले सृजना गरेका अतिरञ्जित विषयले पारेका नकारात्मक प्रभाव हटाएर पुर्खाले स्थापित गरेका नेपालका मौलिक मूल्यमान्यताहरूको जगमा नयाँ र समावेशी राष्ट्रियता निर्माण गरी आन्दोलन र विद्रोहलाई भन्दा पनि विकास र समृद्धिलाई आमनागरिकको मनोभावनासँग जोड्न सकिने अवस्था सृजना गर्न सकिन्छ।

### *नेपाली समाजमा आन्दोलनको विरासत यसको चुनौती तथा अवसरहरू*

नेपाली समाजलाई एक निडर वीर जत्थाहरूको समाज भनेर विदेशीहरूले परिभाषित गरिदिएकै आधारमा धेरै नेपालीहरूले विश्वका विभिन्न ठाउँमा प्रथम र दोस्रो विश्वयुद्धमा लडाइँहरू लडेर वीरता देखाएका गाथा सुन्न सकिन्छ। तर त्यस्ता वीरताका गाथाले साँच्चै उनीहरूको कथा र व्यथामा परिवतर्न ल्यायो वा ल्याएन भन्ने विषयमा खासै ध्यान दिएको पाइँदैन। आन्दोलन विद्रोह र वीरतालाई एकसाथ अगाडि बढाएर विभिन्न समयमा सत्ता परिवर्तनका खेलहरू नेपालमा भइरहेका छन्। तर पनि आममानिसले नेपालीको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थामा खासै परिवर्तन आउन सकेको अनुभव गर्न नसकेको भए तापनि नेपालले विश्वका सामु आफूलाई स्वतन्त्र देशका रूपमा स्थापित गर्न भने सकिरहेको अवस्था देखिन्छ। यसै सन्दर्भमा एस खड्का लेख्छन्–

विभिन्न काल खण्डमा नेपालले विभिन्न अप्ठ्यारा घडीको सामना गर्नुपरेको थियो। त्यस्ता तमाम घडीमा हाम्रा पुर्खाले प्रदर्शन गरेको वीरतापूर्ण इतिहास आज नेपालमा मात्र होइन विश्वमै उदाहरणीय छ। हाल विश्वका अधिकांश शक्तिशाली देशहरूले स्वतन्त्रता दिवस मनाइरहँदा हामी त्यस्ता थोरै राष्ट्रको सूचीमा पर्छौं; जसले कहिल्यै स्वतन्त्रता दिवस मनाउनु पर्दैन (खड्का, २३ असार २०७७, घटना र विचार, पृ.३)।

माथि उल्लेखित खड्काको विचार मनन गर्ने हो भने नेपाली समाजले आन्दोलन र विद्रोहको इतिहासबाट आर्थिक र सामाजिक रूपमा खासै उपलब्धि हासिल गर्न नसके पनि राजनीतिक रूपमा भने नेपाललाई स्वतन्त्र राज्यका रूपमा विश्व सामु स्थापित गर्न सकेको छ। हालसम्म यसैलाई आन्दोलन र विद्रोहको विरासतका रूपमा लिने गरिएको छ। यस्तैयस्तै आन्दोलनको विरासतमा विकसित भएको नेपाली समाजको सामाजिक मनोविज्ञानलाई विश्व परिवेशसँग तुलना गरेर प्रतिफल योग्य बनाउने काम गर्नुपर्ने विषयका बारेमा इन्द्रप्रसाद गोतामे जगतजङ्ग आफ्नो लेख 'आन्दोलनबाट आएको नेतृत्व र देश निर्माण' शीर्षकमा यसरी लेख्छन्–

नेपाल विकासको मार्गचित्र र हाम्रो विशेषताको वैज्ञानिक समाजवादको अर्थराजनीतिका आधारमा मार्गचित्र ठोस गरी त्यसको प्राप्तिका लागि संसद्, चुनाव, जनमतसङ्ग्रह, सरकार, सामाजिक सत्ता, सडक र विज्ञानको उचित प्रयोग गर्नुपर्छ । विज्ञान र प्रविधिको अधिकतम उपयोग गरेर पुँजीवादी, साम्यवादी, बहिर्मुखी र व्यवहारवादी अर्थतन्त्रका राम्रा पक्ष आत्मसात् गरेर नेपाली मौलिकतासहित जनताको सहभागितामा मिश्रित र समाजवादी अर्थतन्त्रको विकास गर्नुपर्छ । नेपालको विकासलाई गति दिन सबै पार्टी र जनतासहित बृहत् राष्ट्रिय सङ्कल्प र राष्ट्रिय सहमतिको आधार तयार गरी केही दशकसम्म उत्पादन, उत्पादन र फेरि पनि उत्पादन गर्ने औद्योगिक क्रान्तिको ठोस नीतिबाट मात्र यो देशलाई विकसित बनाउन सकिन्छ (गातोमे, २०८१ वैशाख २८ नयाँपत्रिका, पृ.७) ।

आन्दोलन र विद्रोहको विरासत बोकेर अगाडि बढिरहेको नेपाली समाजले आन्दोलन र विद्रोहले लक्षित गरेको उद्देश्य प्राप्त गर्न सकेको छ त भन्ने विषयमा विभिन्न कोणबाट सङ्कथनहरू हुने गरेका छन्। यसै सन्दर्भमा लक्ष्मण श्रेष्ठ 'नेपाली प्रजातान्त्रिक आन्दोलनमा घरेलु जग' शीर्षकको आफ्नो लेखमा लेख्नुहुन्छ–

वर्तमानको बिन्दुमा उभिएर हेर्दा लोकतान्त्रिक अभ्यास अवश्य पनि अपुरो देखिन्छ। अहिले पनि नेपाली समाजमा तहगत असमानता विद्यमान छन् । युवाहरू जीवननिर्वाहका लागि विदेशिन अझै बढी बाध्य छन् । अर्थतन्त्र परनिर्भर छ। सार्वभौमिकताको अभ्यास कुण्ठित हुने गरेको चिन्ता बेलाबखत प्रकट भइरहन्छ। के हामी साँच्चै स्वतन्त्र भयौँ? हामीले लोकतन्त्रलाई कसरी अझ बढी सहभागितामूलक र परिणाममुखी बनाउन सक्छौँ ? (श्रेष्ठ, २०६९ माघ १६, हिमालखबर, पृ. ५) ।

नेपालीले अनुभूत गरेको आन्दोलनको विरासतलाई महेश्वर भट्टराई आफ्नो लेख 'नेपालको लोकतान्त्रिक आन्दोलनमा जनताको बहुदलीय जनवाद' शीर्षकमा यसरी लेख्छन्–

राणा शासनका विरुद्धको आन्दोलन वा अन्य आन्दोलनमा जनताको बहुदलीय पक्षधरको लोकतान्त्रिक आन्दोलनमा लोकतान्त्रिक विधि, पद्धति, शैली र सहभागिताका लागि नेपालको राजनीतिक परिर्वतनमा लोकतान्त्रिक शक्तिको एकता र रूपान्तरणमा जनताको बहुदलीय जनवादीहरूको भूमिका ऐतिहासिक नै देखिन्छ । जसले नीति र नेतृत्व प्रधान हो भन्ने विषयमा नेपालको राजनीतिक लोकतान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका रहेको छ (भट्टराई, २०८०, ५५)

माथिका भनाइहरूबाट के स्पष्ट हुन्छ भने नेपाली समाजले आन्दोलन र विद्रोहको विरासतलाई सामाजिक मनोविज्ञानको सकारात्मक पाटोका रूपमा लिएको भए पनि आन्दोलनले निर्धारित गरेका उपलब्धि आमजनताले अनुभव गर्न नपाएकाले केही चुनौतीहरू पनि देखिएको कुरा स्वीकार गरेको छ। आमनेपाली जनताको आधारभूत मौलिक अधिकार तथा मानव अधिकार संरक्षणका लागि निरङ्कुश सत्ता विरुद्ध भएका आन्दोलनहरू जनताका अधिकतम मौलिक अधिकारहरू स्थापित गर्न र आम जनतालाई शोषणबाट मुक्त गराउन सफल भएकाले यसका सकारात्मक पक्षहरू देख्न सकिन्छ। तर बेलाबेलामा विभिन्न स्वार्थ समूहले सडक कब्जा गरेर लोकतान्त्रिक सत्ता विरुद्ध गर्ने गरेको आन्दोलनले नेपाली समाजमा नराम्रो छाप छोडेको छ; जसका कारण देशमा कुनै पनि अधिकार प्राप्त गर्न आन्दोलन गर्नुपर्छ अन्यथा सत्ताले सुन्दैन वा सत्तालाई तह लगाउने माध्यम आन्दोलन मात्र भन्ने मनोदशाबाट नेपाली समाज अगाडि बढिरहेको देखिन्छ।

क्रुर शासन व्यवस्था दमन दलीय शासन व्यवस्थाबाट अघि बढेको नेपालको आर्थिक व्यवस्थालाई अनुशासनको घेरामा ल्याउनु पटकपटक जनविद्रोह अथवा जनआन्दोलन गर्नुपरेको र त्यस्ता जनविद्रोहमा सहयोग गर्ने नेपाली दाजुभाइ दिदीबहिनीहरूले सहादत प्राप्त गरेकोमा नेपालीहरूले गर्वका रूपमा लिने गरेका छन्। तर यस्ता आन्दोलनपछि प्राप्त हुने लोकतान्त्रिक सत्ता र सत्तामा जाने शासकहरूले पुरानो सत्ताको विरासत कायम राख्दै जनताका माग र आवश्यकताहरूलाई वेवास्ता गर्नुले आम नेपाली जनमानसमा सत्ताप्रतिको सामाजिक मनोविज्ञान त्यति सकारात्मक देखिँदैन । २०४७ सालको जनआन्दोलनपछि स्थापित तत्कालीन प्रजातान्त्रिक व्यवस्था विरुद्ध जसरी आन्दोलन

र विद्रोहरू भएका थिए। २०७२ सालको संविधान जारी भइसकेको अवस्थामा पनि त्यस्ता आन्दोलन र विद्रोहहरू फरक शैलीमा देखापर्न थालेका छन्। यसप्रकारले नेपाली समाजको मनोविज्ञानलाई आन्दोलन तथा विद्रोहको विरासतले किन घचघच्याइरहन्छ भन्ने सन्दर्भमा अध्ययन गर्दा विभिन्न आँकलन गर्न सकिन्छ। 'नेपालको लोकतान्त्रिक आन्दोलनमा जनताको बहुदलीय जनवाद' शीर्षकको लेखमा महेश भट्टराई यसरी स्पष्ट पार्छन्– जसले नेपालको राजनीतिक परिवर्तनले आर्थिक परिवर्तन र सामाजिक परिवर्तनलाई एकसाथ संस्थागत गर्न नसक्नुलाई प्रमुख कारणको रूपमा अगाडि सारेका छन् (भट्टराई, २०८०, पृ.५६)। तर वास्तविकता अलि फरक छ। आन्दोलनको समयमा निरङ्कुश सत्ताले हरण गरेका अधिकारहरू फिर्ता गर्ने क्रममा राज्यले आफ्नो स्रोत र साधन विचार नगरी मौलिक अधिकारहरू र राज्यले जनतालाई दिने सेवाहरू संविधानमा किटान गर्नु, संविधान जारी भएको दशकौँसम्म आधारभूत अधिकारहरू प्रयोग गर्ने वातावरण तयार गर्न लोकतान्त्रिक सरकार तयार नहुनु, राज्यको दायित्वभित्र पर्ने नागरिकका सेवासुविधासँग सम्बन्धित क्रियाकलाप पारदर्शी स्पष्ट रूपमा जनता सामु पुऱ्याउन आवश्यक पर्ने कानुनी संरचनागत र आर्थिक हैंसियत राज्यले निर्माण गर्न नसक्नु, नागरिकहरूलाई संविधानमा लेखिएका विषयहरू जनतालाई भुल्याउने नारा मात्र हुन् भन्ने लाग्नु आदि कारणले गर्दा नागरिकहरूको सत्ताप्रति रहेको सद्भाव अन्त भएको अवस्था छ। यसरी लोकतान्त्रिक सत्ताप्रति आमनागरिकमा हुनुपर्ने भरोसा तथा विश्वास नहुनुको पछाडि सत्ताले प्रयोग गर्ने गरेको निरङ्कुश शासनको विरासत र जनतामा रहेको आन्दोलनले कुनै पनि सत्तालाई घुँडा टेकाउन सकिन्छ भन्ने आशाका साथ विभिन्न समयमा गरेका आन्दोलन तथा विद्रोहको विरासतबिच मेल नखानु हो।

छिमेकी मुलुक पाकिस्तान, अफगानिस्तान तथा बङ्गलादेशको अवस्था हेर्दा पनि आन्दोलन र जनविद्रोहको विरासत नेपालको जस्तै देखिन्छ। तर उत्तरको छिमेकी राष्ट्र चीन र दक्षिणको छिमेकी राष्ट्र भारतमा भने छिटपुट रूपमा बाहेक सत्ता विरुद्ध आमनागरिकले सधैँ सडकमा ओर्लेर आन्दोलन र विद्रोह गरेको देखिँदैन। विश्वका धेरै अल्पविकसित र विकास उन्मुख राष्ट्रहरूमा लोकतान्त्रिक व्यवस्थालाई संस्थागत गर्ने क्रममा पुरानो सत्ताको विरासत तथा आन्दोलनको विरासतबिच एक किसिमको टकराव हुने अवस्था सृजना हुने गर्दछ। तर त्यस्ता टकरावबाट लोकतान्त्रिक व्यवस्थाले संस्थागत हुने मौका पाएको उदाहरण भने कमै छन्। धेरै अल्पविकसित मुलुकहरूमा पुरानो सत्ताले आफ्नो विरासत फर्काउन खोज्दा देश अनन्तकालसम्म द्वन्द्वमा फसेको र आमजनतामा एक किसिमको आन्दोलनप्रति नकारात्मक मनोविज्ञान विकास भएको देख्न सकिन्छ; जुन अफगानिस्तानमा तालिबानको आगमनले देखाएको छ।

भारत र चीनको राजनीतिक विकासक्रम, सामाजिक आर्थिक व्यवस्था नियालेर हेर्ने हो भने कुनै पनि देशको सर्वाङ्गीण विकासका लागि शान्ति, स्थायित्व र आमजनताको सामाजिक मनोविज्ञान एक साथ सक्रिय हुनुपर्ने देखाएको छ। भारतमा मोदी सरकारको एक दशकभन्दा धेरै शासन र चीनमा भएको आर्थिक क्रान्तिले नेपालजस्ता कमजोर आर्थिक अवस्थामा भएका मुलुकहरूलाई आन्दोलनको विरासतले जनताको जीवनस्तरमा परिवर्तन खासै ल्याउन सक्दोरहेन छ भन्ने मनोभावना जागृत हुन भएको छ।

## *निष्कर्ष*

नेपाली समाजमा विकसित आन्दोलन र विद्रोहप्रतिको सामाजिक मनोविज्ञानले समाजको सकारात्मक परिवर्तन अगाडि बढाउन योगदान दिएको भए पनि आन्दोलनका उपलब्धिलाई राजनीतिक रूपमा मात्र हेरिनु आमजनताले वास्तविक रूपमा आन्दोलनले निर्देश गरेका प्रतिफलहरू प्राप्त गर्न नसक्नु तथा आन्दोलनबाट प्राप्त प्रतिफल केही निश्चित नेतृत्वले आफ्नो हित र स्वार्थका लागि प्रयोग गर्नु आदि कारणले आन्दोलनप्रति जनताले पुनः प्रतिआन्दोलन गर्ने खतरा देखिएको छ। नेपाली आमजनताको सामाजिक मनोविज्ञानमा आफूले गरेका विगतका आन्दोलनप्रति गर्व हुनुको साटो गल्ती गरिए छ कि अब पुनः पुरानै व्यवस्था फर्काउनुपर्छ कि भन्ने जस्ता प्रतिक्रान्तिकारी सोचसमेत

विकास भएको देख्न सकिन्छ; जसले गर्दा नेपाली समाजले विरासतका रूपमा लिने गरेको आन्दोलन र विद्रोहको विषयलाई लघुताभासको खाडलमा पुग्नबाट बचाउन सबै अग्रगामीहरू सचेत हुन आवश्यक देखिन्छ। कुनै पनि विषयमा समाजले निर्धारण गर्ने सामाजिक मूल्यमान्यता मानिसको व्यवहार र विचारमा अडेको हुन्छ। आन्दोलन र विद्रोहप्रतिको मानिसको व्यवहारलाई सही ढङ्गले अगाडि बढाउन नेपाली समाजको आन्दोलनप्रतिको सामाजिक मनोविज्ञानलाई सकारात्मक रूपले अगाडि बढाउन जरुरी देखिन्छ। नेपाल एकीकरणदेखि हालसम्मको अवस्थालाई नियालेर हेर्दा मुलुकले धेरै प्रकारका आन्दोलनका विद्रोहहरू आत्मसात् गरिसकेको देखिन्छ। तर पनि वर्तमान विश्व परिदृश्यमा सञ्जालद्वारा निर्देशित प्रविधिमा आधारित सूचनाले विकास गरेको आममानिसको मनोविज्ञानले यस विषयमा एक किसिमको अनिश्चितता सृजना गरेको छ। जसले विगतमा स्थापित आन्दोलन र विद्रोहको विरासत बोकेको गतिशील नेपाली समाजलाई खण्डित, विचलित र अनिश्चित भविष्यको मार्गतर्फ धकेलिरहेको छ। उक्त अवस्थाबाट मुलुकलाई स्थिरतातर्फ उन्मखु गराउन आम युवाहरूलाई पुर्खाहरूले गरेका गौरवपूर्ण क्रियाकलापको स्मरण गराउँदै त्यसतर्फ उन्मुख गराउनुपर्ने आवश्यकता देखिन्छ।

## *सन्दर्भ सामग्रीसूची*


खड्का, एस. पी. (२०७७). 'इतिहासको संकटमा नेपाल कता जाला राष्ट्रिय राजनीति' *घटना र विचार.* असार २३. पृ.३

गोतामे, इन्द्रप्रसाद 'जगतजङ्ग' ( २०८१). 'आन्दोलनबाट आएको नेतृत्व र देश निर्माण' *नयाँ पत्रिका दैनिक.* वैशाख २८. पृ.७

गौतम, राजेश (२०५५). *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस.* (भाग–१). काठमाडौँ : श्रीराम श्रेष्ठ।

झा., बिणा (२०६९). 'नेतृत्वप्रतिको सामाजिक मनोविज्ञान' *गोरखापत्र दैनिक.* साउन ६०. पृ.४

देवकोटा, ग्रीष्मबहादुर ( २०३६). *नेपालको राजनीतिक दर्पण.* (भाग–१). काठमाडौँ : ध्रुवबहादुर देवकोटा।

बस्नेत, सालोन (२०७८ साल). 'गते नेपाली समाजको चेतना र युवा मनोवृद्धि' *अनलाइन खबर.* चैत ८. पृ.३

भट्टराइ महेश ( २०८०). 'नेपालको लोकतान्त्रिक आन्दोलनमा जनताको बहुदलीय जनवाद' *R. R.Interdisciplinary Journal.* Vol. 4 No. 4 December, 2023 (2080 Mangsir) PP 54-64

मल्ल, दिलिप कुमार (२०७९). 'व्यक्तिमा सामाजिक मनोविज्ञानको प्रभाव' *नागरिक दैनिक.* पुष ८. पृ.२

श्रेष्ठ लक्ष्मण (२०६९). 'नेपाली प्रजातान्त्रिक आन्दोलनमा घरेलु जग'. *हिमाल खबर पत्रिका.* माघ १६. पृ.३–५.

नेपाली क्रान्तिकोकार्यक्रम जनताको बहुदलीय जनवाद, प्रकाशन काठमाडौँ, (नेकपा एमाले केन्द्रीय कार्यालय २०६६), पृष्ठ ४–३१

Aronson, E., & Carlsmith, J. M. (1968). 'Experimentation in social psychology. In G. Lindzey and E. Aronson (Eds.). '*The Handbook of Social Psychology*'. *Reading, Mass: Addison-Wesley.* pp.220-240.

Barrett, H. C., & Kurzban, R. (2006). 'Modularity in cognition: Framing the debate'. *Psychological Review.* 113(3), 628–647

Cook, Karen S. Gary Alan Fine, and James S. House (ed.s).( 1995). *Sociological Perspectives on Social Psychology*. Simon and Schuster

Dunlap, K. (1925). *Social Psychology*. Williams and Wilkin,p.23

Farr, R.M. (1996). *The Roots of Modern Social Psychology*. Oxford:Blackwell.

Greenwood, J. D. (2004). *The Disappearance of the Social in American Social Psychology*. Cambridge University Press, P. 45

Hook (2005). 'A critical psychology of the postcolonial'. *Journal of psychology.* 15(4): 475-503

Kahneman, D., Slovic, P., & Tversky, A. (1982). *Judgment under uncertainty: Heuristics and biases.* Cambridge University Press.p.112

Kimball, Y.(1927). 'The Field of Social Psychology'. *Psychological Bulletin.* 24 (1927), pp.661-691.

Marx, Karl. (1904). *A Contribution to the Critique of Political Economy. Translated from the Second*

*German Edition by N.I. Stone*. Chicago: Charles H. Kerr & Company

Michaels, Axel, et al. (2016). 'Nepalese History in a European Experience: A Case Study in Transcultural Historiography'. *History and Theory.* 55.2 (2016): 210–232.

Miller , J. (1993). *The passion of \Michel Foucault.* Simon & Schuster

Mishra, Chaitanya. (2007) . *Development and Underdevelopment. In Essays in the Sociology of Nepal* . (pp. 47-80). FinePrint Books.

May, S. (1999). *Nietzsche's ethics and his war on "morality".* Oxford University Press.p.123.

May, T. (2011), 'Foucault's conception of freedom'. In Taylor, D. (ed.). *Michel Foucault: Key oncepts.* (pp. 71–83). Acumen Publishing Ltd.

Ribeiro, N., & Zelizer, B. (2022). 'Media and uncertainty: Introduction'. *International Journal of Communication.* 16, 849–852. http://ijoc.org

Sharma, P. R. (1977). *Caste, social mobility and Sanskritisation: A Study of Nepal's old legal code. In 'The State and Society in Nepal.* (2012, First 2004). Himal Books.p.77

Segal, R. Reader, G. and Kendall, P. (1972). *How Sociological is social psychology.* The American Sociologist, vol.7 (February) p. 15